नेपाल सरकार
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
(विकास सहायता समन्वय तथा गुणस्तर महाशाखा)

फोन नं. ४२११६९९
फ्याक्स नं. ४२११७२०
४२११८९९
सिंहदरबार, काठमाडौं

प.सं. :– वि.स. ६/०७५/०७६
च.नं. :- ५२

मिति : २०७६।०५।१६

विषय :- Contract Mobilization पेश्की सम्वन्धमा ।

श्री सडक विभाग
चाकुपाट, ललितपुर ।

श्री रेल विभाग
विशालनगर, काठमाण्डौ ।

श्री यातायात व्यवस्था विभाग
मिनभवन, काठमाण्डौ ।

श्री नेपाल पानीजहाज कार्यालय
एकान्तकुना, ललितपुर ।

प्रस्तुत विषयमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ (क) मा निर्माण कार्य /बस्तु खरिद सम्वन्धी ठेक्का सम्झौतामा Contract Mobilization पेश्की सम्वन्धी ब्यवस्था उल्लेख छ। ऐन को दफा ५२क को पेश्की सम्वन्धी ब्यवस्थाको उपदफा (१) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्नेछ " भन्ने ब्यवस्था रहेको तथा सोही दफाको उपदफा (२) मा " उपदफा (१) वमोजिम पेश्की दिँदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नवढ्ने गरी र वाँकी रकम कार्य प्रगतिका आधारमा दिन सकिने छ । "भन्ने ब्यवस्था रहेको छ ।

हाल यस मन्त्रालय मातहतका विभाग अन्तर्गतका कार्यालयहरुबाट खरिद सम्झौता भई निर्माण कार्य भई रहेको कतिपय ठेक्काहरुमा यसरी दिइएको पेश्की सोही योजनाको निर्माण कार्यमा सदुपयोग भएको नपाइएको हुदा पेश्की रकम दुरुपयोग हुनबाट रोक्न तथा आर्थिक वर्षको अन्त्यमा पेश्की प्रदान गर्ने कार्य निरुत्सहित समेत गर्न कुल सम्झौता रकममा दश प्रतिशतमा नबढ्ने गरी पेश्की रकम दिने ब्यवस्था गर्न तथा यसरी दिइने पेश्कीको आधा रकम पहिलो पटकमा तथा वाँकी रकम सोही ठेक्का अन्तर्गतको निर्माण कार्यको भौतिक प्रगति दश प्रतिशत पुरा भएपछि मात्र दिने गरी आवश्यक ब्यवस्था मिलाउन हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७६।५।१६ को निर्णयअनुसार अनुरोध छ ।

५।१६
(गोपाल प्रसाद सिग्देल)
सहसचिव